नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

30 Years of Banking Service 1986-2016

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

मिति :२०७८/०७/२६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, यु एन आई शान्ती मार्ग
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषयः ३५ औं वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द हुने बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा यस बैंकको सञ्चालक समितिको मिति २०७८/०७/२३ मा बसेको ५५६ औं बैठकबाट निर्णय भए बमोजिम यस बैंकको ३५ औं वार्षिक साधारण सभा मिति २०७८/०८/१७ मा हुने जानकारी गराउँदै सो सम्बन्धि सूचना मिति २०७८/०७/२५ को नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा मिति २०७८/०७/२६ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरीएको समेत अनुरोध गर्दै, उक्त ३५ औं वार्षिक साधारण सभाको छलफलको विषय सूची यसै साथ संलग्न गरी सो सम्बन्धि निम्न विवरणहरु समेत तहाँको जानकारीको लागी अनुरोध गर्दछु ।

नगद लाभांस प्रतिशत : ३.३८९ प्रतिशत (बोनस शेयर र नगद लाभांशको कर प्रयोजनको लागि)
बोनस शेयर प्रतिशत : १२.६११ प्रतिशत
हकप्रद शेयर प्रतिशत : नभएको
शेयर दाखिल खारेज बन्द हुने मिति (Book Close Date) : साधारण सभा प्रयोजनको लागि मिति २०७८/०८/०६ गते १ दिनको लागि शेयर दाखिल खारेज दर्ता बन्द गरीने छ ।
हालको चुक्ता पूँजी : रु १६,२५,७३,२९,५००/-
३५ औं वार्षिक साधारण सभाको मिति : शुक्रबार, मंसिर १७ गते, २०७८ साल (०३ डिसेम्बर, २०२१)

भवदिय,

सुधीरमान श्रेष्ठ
कम्पनी सचिव

बोधार्थ
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग, दरबारमार्ग, काठमाण्डौं ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, शेयर मार्केट कमर्सियल कम्पलेक्स, पुतलीसडक, काठमाण्डौं ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडले
सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडलाई
प्राप्ति (एक्विजिशन) गरेको ।

*Truly a Nepali Bank*

ICRA NEPAL [ICRANP-IR]A+

The Banker Bank of the Year 2003 Nepal · The Banker Bank of the Year 2005 Nepal · The Banker Bank of the Year 2008 Nepal · The Banker Bank of the Year 2010 Nepal · The Banker Bank of the Year 2016 Nepal

Durbar Marg: P.O. Box: 3412, Kathmandu, Nepal. Tel: 4228229, 4242530 (DISA), Fax: 4226349, 4228927 Website: www.nibl.com.np

# ३५ औं वार्षिक साधारण सभाको सूचना

यस बैंकको मिति २०७८/०७/२३ मा बसेको सञ्चालक समितिको ५५६ औं बैठकको निर्णय अनुसार यस बैंकको ३५ औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न भिडियो कन्फरेन्स (Virtual Zoom Meeting) मार्फत समेत सहभागी हुन सक्ने गरी बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

| | |
|---|---|
| मिति | : २०७८ साल मङ्सिर महिना १७ गते (०३ डिसेम्बर, २०२१) शुक्रबार |
| समय | : बिहान १०:०० बजे |
| स्थान | : दरबारमार्ग, काठमाण्डौ स्थित बैंकको केन्द्रिय कार्यालय । |

**छलफलको विषय**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०७८ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "एनआइबिएल एस क्यापिटल लि." को आ.व. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रति शेयर ३.३८९ प्रतिशत (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने ।

६. संस्थापक शेयरधनीहरुको तर्फबाट ४ (चार) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. प्रबन्धपत्रको दफा ५(क) मा संशोधन गरी बैंकको अधिकृत पूँजी वृद्धि गरी रु.१८ अर्ब ५० करोड पुर्‍याउने ।

२. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको १२.६११ प्रतिशत बोनस शेयर जारी गर्ने र सो गर्दा बैंकको जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा समेत संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी समेत वृद्धि गर्ने

३. यस बैंकले अन्य कुनै बैंक वा वित्तीय संस्था प्राप्ति (acquisition) गर्ने वा एकआपसमा गाभिने (merger) प्रयोजनको लागि उपयुक्त बैंक वा वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समभ्कदारीपत्र (memorandum of understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन (due diligence audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा प्राप्ति (acquisition) गर्ने वा एकआपसमा गाभिने (merger) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियारप्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

४. विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्रमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

संशोधन गर्नुपर्ने विवरणहरु शेयरधनीमहानुभावहरुलाई सभा सम्बन्धी व्यक्तिगत सूचनाका साथ प्रेषित गरिएको छ ।

**ग. विविध ।**

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

..........................

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## सभा सम्बन्धी सामान्य जानकारी

१) बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

२) हाल विश्वव्यापी महामारीको रुपमा कायम रहेको कोरोना भाइरस संक्रमणलाई ध्यानमा राखि यथासंभव् भिडियो कन्फरेन्स (Virtual Zoom Meeting ) मार्फत सभामा भाग लिनुहुन वा कम भीडभाड हुने गरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी प्रतिनिधि मार्फत सभामा भाग लिनुहुन तथा मतदान गरिदिनु हुन अनुरोध गर्दछौं । अनलाईन (भर्चुअल) माध्यमबाट सभामा उपस्थित भै आफनो मन्तव्य राख्न चाहनु हुने शेयरधनीमहानुभावहरुले सभा हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बिहान १० बजे देखि दिनको ४ बजे भित्र niblagm@nibl.com.np मा इमेल गरी वा ९८४३३४६९८५ मा फोन गरी आफनो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ र त्यसरी सम्पर्क गर्नुहुने शेयरधनीमहानुभावहरुलाई सभामा मन्तव्य राख्न तथा मतदान गर्न Meeting Id र Password उपलब्ध गराइनेछ ।

३) संयूक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्धारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

६) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा ७२ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा दिनुपर्नेछ । नयाँ प्रतिनिधिको हकमा दफा ४ र ५ बमोजिम हुनेछ ।

७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

८) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

९) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषय बारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकको दरबारमार्ग, काठमाण्डौस्थित केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

१०) सञ्चालक निर्वाचन सम्वन्धि विस्तृत कार्यक्रम बैंकको दरबारमार्गस्थित केन्द्रिय कार्यालयको सूचना पाटीमा सभा हुनुभन्दा १० दिन अगावै टाँस गरिनुका अलावा बैंकको वेवसाईटमा तथा राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत प्रकाशन गरिनेछ ।

११) सञ्चालक पदको लागि उम्मेदवार हुन चाहने शेयरधनीले बैंकको संस्थापक समूहको कम्तीमा ३० कित्ता शेयर लिएको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा बैंकको साधारण सभा तथा सञ्चालक निर्वाचन कार्यविधि सम्बन्धी निर्देशिका, २०७७ बमोजिम योग्य हुनुपर्नेछ । तर, संगठित संस्थाले संस्थापक शेयर लिएकोमा त्यस्ता शेयरधनीहरुका तर्फबाट सञ्चालकको उम्मेदवार हुने व्यक्तिले व्यक्तिगत रुपमा बैंकको शेयर लिएको हुन जरुरी हुने छैन, तर निज जुन संस्थापकका तर्फबाट उम्मेदवार हुने हो सो संस्थापकबाट लिखित अधिकार लिएको हुनुपर्नेछ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

१२) आफ्नो परिचय पत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DEMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाईनेछ । साथै साधारण सभा प्रयोजनको लागि मिति २०७८/०८/०६ गते १ दिनको लागि शेयर दाखिल खारेज दर्ता बन्द गरीने छ ।

१३)सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गर्दछु । साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहने तथा सभा शुरु हुनुभन्दा अगावै ZOOM खुल्ला गरिनेछ ।

<u>द्रष्टव्य:</u> बैंकको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई कुरियर मार्फत पठाईनेछ । कारणवश उक्त प्रतिवेदन प्राप्त हुन नसकेमा बैंकको दरबारमार्ग, काठमाण्डौस्थित केन्द्रीय कार्यालय तथा यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौंबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै साधारणसभासँग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.nibl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU